**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं,मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री विनोद शर्मा**

**राजस्व सदस्य श्री राजेन्द्र पौडेल**

**फैसला**

२०७७।०७८ सालको निर्णय नं.२२

पुनरावेदन नं. ०७६-RB-००९५

**मुद्दाः– स्याउ चोरी निकासी**

| | |
|---|---|
| जिल्ला महोत्तरी पिगौना गा.वि.स.वडा नं १ हाल धनुषा जिल्ला जनकपुर उ.म.न.पा वडा नं ५ बस्ने नधुनी साहतेलीको छोरी वर्ष ३३ की मंजु कुमारी.................१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| प्र.ना.नि. सन्तोष कुमार झा समेत जिल्ला प्रहरी कार्यालय, धनुषा मार्फत नेपाल सरकार ...............................................................................१ | प्रत्यर्थी |

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता राजिव आचार्य

प्रत्यर्थी कार्यालयहरुका तर्फबाटः सहायक न्यायाधिवक्ता श्री ठाकुर प्रसाद बस्ताकोटी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

मुद्दा फैसला गर्ने कार्यालयः- श्री जनकपुर भन्सार कार्यालय, जनकपुर

मुद्दा फैसला गर्ने अधिकारीः- भन्सार अधिकृत श्री रामेश्वर कुमार मिश्र

मुद्दा फैसला भएको मितिः– २०७६/०५/२५

श्री जनकपुर भन्सार कार्यालय, जनकपुरबाट भएको मिति २०७६/०५/२५ को निर्णय उपर चित्त नबुझी भन्सार ऐन, २०६४ को दफा ६२ भित्रै पुनरावेदन गर्नु पर्नेमा काबु बाहिरको परिस्थिति पर्न गएकोले मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को परिच्छेद २१ को दफा २२३ बमोजिम ऐनको म्याद भित्र राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) बमोजिम न्यायाधिकरणको क्षेत्राधिकार भित्रको रही दर्ता हुन आएको प्रस्तुत पुनरावेदन पत्रको संक्षिप्त तथ्य

एवम् ठहर यस प्रकार रहेको छः-

**तथ्य खण्ड**

१. प्र.ना.नि. सन्तोष कुमार झा समेतको प्रतिवेदन तथा जिल्ला प्रहरी कार्यालय, धनुषाको च.नं. ८५१६ मिति २०७५।१२।२७ को पत्र साथ स्याउ १७० कार्टुन चोरी निकासी अभियोगमा २०७५।१२।२८ मुद्दा दर्ता भएको।

२. प्रस्तुत मुद्दामा मिति २०७५।१२।२७ गते राती अन्दाजी १६:५० बजेको समयमा जिल्ला धनुषा धनौजी गा.पा.वडा.नं. ४ स्थित जिल्ला प्रहरी कार्यालय धनुषाको प्रहरी कर्मचारीहरुले चेक जाँच गर्ने क्रममा अवैध रुपमा भन्दार छली चोरी निकासी गरी भारत तर्फ ज १ च १६६९ नमबरको बुलेरो पिक अपमा राखेर स्याउ १७० कार्टुन लग्दै गरेको अवस्थामा जिल्ला धनुषा जनकपुर उप.म.न.पा. वडा नं २३ बस्ने वर्ष २० को प्रविण ठाकुर, जिल्ला धनुषा विदेह न.पा. वडा नं ९ बस्ने ३५ को सुरेन्द्र रायलाई पक्राउ गरी जिल्ला प्रहरी कार्यालय, धनुषाको च.नं. ८५१६ मिति २०७५।१२।२७ गतेकोपत्र साथ आवश्यक कारवाहीका लागि जनकपुर भन्सार कार्यालय, जनकपुरमा पेश हुन आएको।

३. भन्सार नियमावली २०६४ को नियम ५२ को उपनियम (१) बमोजिम सवारी साधनको धनी मंजु कुमारीको नाममा १५ दिने म्याद जारी भए अनुसार मंजु कुमारीले जनकपुर भन्सार कार्यालयमा म्याद भित्र उपस्थित भई बयान दिएको।

४. प्रतिवादीहरु सुरेन्द्र रायले स्याउ मेरो आफ्नै हो। स्याउ जनकपुर स्थित जिरोमाइल फलफूल मंडीबाट खरिद गरी ईटहर्वा लैजान खोज्दा तरही स्कूलबाट पक्राउ परेको हो। स्याउ राधै राधे फलफूल विक्री केन्द्रबाट खरीद गरेकोमा बिल बिजक हुदाँ हुदै पनि प्रहरीले पक्राउ गरेको, बिल बिजक सुझ बुझ गरी मात्र सामान लोड गरेको। ज १ च १६६९ नम्बरको पिक अप अर्जुन साहको हो। सवारी साधनको धनी मंजु कुमारीले मेरो गाडी चालक प्रविण ठाकुरले गाडी लिएर आफ्नो घर विन्धी गएको थियो ऊ अबेर सम्म फर्केन मैले साझ ५:०० बजे उसलाई फोन गरी सोध्दा गाडी पक्राउ परेको खबर पाए। मैले भाडा लिएर जान भनेको थिएन मैले गाडी भडा दिईन, स्याउ १७० कार्टुन कसको हो मलाई थाहा भएन भन्नेसमेत व्यहोराको बयान दिएको।

५. प्रतिवादी सुरेन्द्र रायले भन्सार ऐन, २०६४ को दफा २ (ङ) को कार्य गरेकोले चोरी निकासी गरेको ठहर्नाले निजलाई विगो बमोजिमको जरिवाना रू. १,४१,०००।— हुने ठहर्छ। प्रतिवादी प्रविण ठाकुरले चोरी निकासि कार्यमा सहयोग गरेको ठहर्नाले निजलाई विगो बमोजिमको जरिवाना र सवारी साधन चालकलाई हुने जरिवाना समेत गरी रू. १,९१,०००।— हुने ठहर्छ। प्रतिवादीहरु सुरेन्द्र राय र प्रविण ठाकुरले तारेख तोडी उपस्थित नभएकोले निजहरुले राखेको धरौटी रकम जफत गरी सदर स्याहा गर्ने। प्रतिवादी सवारी धनी मंजु कुमारीले चोरी

निकासि कार्यमा सहयोग गरेको ठहर्नाले निजलाई विगो बमोजिमको जरिवाना र सवारी धनीलाई हुने जरिवाना समेत गरी रू. २,४१,१००।— र निजले राखेको धरौटि रकम रू. २,५९,३५० मध्ये रू.२,४१,१०० सदर स्या गरी बाँकी रू.१८,२५०।— निजलाई फिर्ता दिने र निजले रू. छ लाख अठहत्तर हजार नगद धरौटी राखी सवारी साधन छुटाई लगेकोले सो धरौटी रकम रू. छ लाख अठहत्तर हजार जफत गरी सदर स्याहा गर्ने। स्याउ १७० कार्टुन भन्सार ऐन, २०६४ को दफा ४६ र सवारी साधन भन्सार ऐन, २०६४ को दफा ४९ बमोजिम जफत हुने र जफत भएका मालवस्तु लिलाम विक्रीबाट प्राप्त रकम सदर स्याहा गर्ने भन्नेसमेत व्यहोराको मिति २०७६।०५।२५ गतेको श्री जनकपुर भन्सार कार्यालय, जनकपुरको निर्णय।

६. प्रतिवादी प्रविण ठाकुरले सवारी धनी प्रतिवादी मंजु कुमारीको अनुमति बेगर सवारी साधन लगेको र निजले गाडी चालकलाई फोन गरी सोध्दा पक्राउ परेको थाहा पाएकोमा सो तर्फ विचार नगरी प्रतिवादीको नाउँमा १५ दिने म्याद जारी गरेको, प्रतिवादी सुरेन्द्र रायले दकार्यालय अधिकृत समक्ष बबयान गर्दा कुने पनि क्रियाकलापमा सवारी धनीको कुनै सहमति, संलगनता नभएको भनी बयान दिएको, गाडी ड्राइभरले समेत बयानमा पुनरावेदकलाई तत्कालै जानकारी गराएको भनेको, भन्सार कार्यालयको निर्णयमा समेत पुनरावेदकले के कुन आधारमा सहयोग पुर्याएको हो सो को स्पष्ट आधार खुलाउन नसकेको हुदाँ पुनरावेदककको कुनै संलग्नता तथा सो कार्यमा कुनै किसिमको सहयोगी भूमिका नरहेको हुदाँ मिति २०७६।०५।२५ गतेको श्री जनकपुर भन्सार कार्यालय, जनकपुरको फैसला त्रुटिपूर्ण हुदाँ उक्त फैसला बदर गरी निजलाई अभियोग दावीबाट सफाई पाउने ठहरी फैसला गरी न्याय गरी पाउँ भन्ने समेत बेहोराको पुनरावेदनपत्र।

७. यसमा मुलुकी फौज्दारी संहिता २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधीकरणबाट भएको आदेश।

८. यसमा प्रतिवादी मध्येका सुरेन्द्र राय तथा प्रविण ठाकुर समेतका हकमा कसूर ठहर गरी सजाय हुने गरी मिति २०७६/०५/२५/०४ मा शुरु जनकपुर भन्सार कार्यालयबाट निर्णय भएकोमा सो उपर निजहरुको पुनरावेदन परे नपरेको हेरी पुनरावेदन परेको भए सो समेत साथै राखी र नपरेको भए निस्सा जनाई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट भएको आदेश।

९. आदेशमा उल्लिखित प्रतिवादीहरुबाट शुरु जनकपुर भन्सार कार्यालयबाट भएको निर्णयको विरुद्धमा हालसम्म यस न्यायाधिकरणमा पुनरावेदन पर्न आएको अभिलेखबाट नदेखिएको भन्ने समेत बेहोराको यसै न्यायाधिकरण पुनरावेदन दर्ता शाखाको जवाफ।

ठहर खण्ड

१०. नियम बमोजिम पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक मंजु कुमारीका तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ता श्री राजिव आचार्यले मिसिल संलग्न कागज प्रमाण तथा प्रतिवादी सुरेन्द्र राय एवम् गाडीका ड्राइभर प्रविण ठाकुरको बयान समेतबाट प्रतिवादी मंजु कुमारी उपर आरोपित कसूर स्थापित नभएको देखिदाँ देखिदै सो तथ्यलाई नजर अन्दाजगरी भन्सार ऐन, २०६४ को दफा ५७को उपदफा (१ख)(३) बमोजिम सजाय हुने गरी जनकपुर भन्सार कार्यालयबाट भएको फैसला त्रुटिपूर्ण हुदाँ उक्त फैसला बदर गरी अभियोग दावीबाट सफाई पाउँ भनी तथा प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका सहायक न्यायाधिवक्ता श्री ठाकुर प्रसाद बस्ताकोटीले प्रतिवादी उपर आरोपित कसूर स्थापित भइरहेको अवस्थामा जनकपुर भन्सार कार्यालयबाट भएको फैसला कानून बमोजिम नै रहेको हुदाँ सो सदर गरी पाउँ भनी गर्नुभएको बहस एवम् जिकिर समेत सुनियो।

११. पुनरावेदकका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवै तर्फका विद्वानहरुबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणहरुको अध्ययन गरी हेर्दा जनकपुर भन्सार कार्यालयबाट भएको निर्णय मिलेको छ, छैन? पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्छ सक्दैन? भन्ने विषयमा नै निर्णय दिनुपर्ने देखियो।

१२. निर्णयतर्फ विचार गर्दा, यसमा मिति २०७५।१२।२७ गते धनुषा जिल्ला धनौजी गाउँपालिका वडा नं. ४ मा अवैध रुपमा भन्सार छली चोरी निकासी गरी ज.१च १६६९ को बलेरो पिक अपमा राखेर भारत तर्फ लैजाँदै गरेको १७० कार्टुन स्याउ प्रहरी कर्मचारीद्वारा बरामद भई सवारी चालक प्रविण ठाकुर र सुरेन्द्र राय पक्राउ परेको भन्ने मिसिलबाट देखिन्छ ।

१३. पक्राउ परेका प्रतिवादीहरु प्रविण ठाकुर, सुरेन्द्र राय तथा यी पुनरावेदक प्रतिवादी मन्जु कुमारी समेत उपर भन्सार छली गरी स्याउ चोरी निकासी गरेको भन्ने अभियोगमा बरामद भएको १७० कार्टुन मालबस्तु (स्याउ) जफत गरी प्रतिवादी मध्येका जीप चालक प्रविण ठाकुरलाई भन्सार ऐन २०६४ को दफा ५७(१क) अनुसार विगो बमोजिम रु १,४१,०००।- जरिवानाका अलावा सोही ऐनको दफा ५७(१ख) अनुसार चालकलाई हुने रु. ५०,०००।- समेत जम्मा रु. १,९१,१००।- जरिवाना तथा अर्का प्रतिवादी सुरेन्द्र रायलाई ऐ. दफा ५७(१क) अनुसार विगो बमोजिम रु. १,४१,१००।- जरिवाना हुने ठहरी जनकपुर भन्सार कार्यालयबाट मिति २०७६।५।२५ मा निर्णय भएकोमा सो उपर निज प्रतिवादीहरु प्रविण ठाकुर र सुरेन्द्र रायका तर्फबाट पुनरावेदन परेको नदेखिएको भनी यस न्यायाधिकरणबाट मिति २०७७।९।५ मा निस्सा जनिएको देखिएकोले निजहरुका हकमा केही बोलिरहनु परेन ।

१४. प्रतिवादी मध्येका मन्जु कुमारीका हकमा भन्सार छली गरी लगेको स्याउको बोझ बाहक ज १ च १६६९ को बलेरो पिक अप निजका नाउँ दर्ता रहेको देखिएका कारण निजलाई समेत प्रतिवादी बनाई भन्सार ऐन, २०६४ को दफा ४९ बमोजिम उक्त सवारी साधन जफत गरी ऐ. ऐनको दफा ५७(१ख) का आधारमा विगो बमोजिम रु. १,४१,१००। - जरिवाना, ऐ. दफा ५७(१ख) का आधारमा रु. १,००,०००। - समेत जम्मा रु. २,४१,१००। - जरिवाना हुने गरी भएको उललेखित निर्णय उपर निज प्रतिवादी मन्जु कुमारीको प्रस्तुत पुनरावेदन पर्न आएको देखिन्छ ।

१५. पुनरावेदक प्रतिवादी मन्जु कुमारी समेत उपर कसूर कायम गरी निजका नाउँको सवारी साधन जफत गरी जरिवाना समेत गर्ने निर्णय भएकोमा निज उपरको कसूर/सजाय निर्धारण गर्ने भन्सार ऐन, २०६४ को दफा ५७(१), ५७(१क) तथा ऐ. ५७(१ख) को कानूनी व्यवस्था देहाय बमोजिम देखिन्छ ।

**भन्सार ऐन,२०६४ दफा ५७(१):-** "कसैले कुनै मालवस्तु चोरी निकासी वा चोरी पैठारी गरेमा वा गर्ने प्रयत्न गरेमा वा खास बाटोबाट मात्र निकासी वा पैठारी गर्न पाउने गरी दफा ३ बमोजिम बाटो तोकिएकोमा सो बाटो बाहेक अन्यत्रबाट निकासी वा पैठारी गरेमा वा गर्ने प्रयत्न गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछ।"

**दफा ५७(१क)** "उपदफा (१) बमोजिमको कसूरको विगो दश लाख रुपैया सम्म भएमा भन्सार अधिकृतले त्यस्तो मालवस्तु जफत गरी मालवस्तुको विगो बमोजिम जरिवाना गर्न सक्नेछ।"

**दफा ५७(१ख)** "उपदफा (१क) बमोजिम जफत हुने मालवस्तु ढुवानी गर्न प्रयोग भएको सवारी साधन सो सवारी साधन धनीको सहमति वा जानकारीमा प्रयोग भएको रहेछ भने भन्सार अधिकृतले त्यस्तो सवारी साधन जफत गरी सोको धनीलाई एक लाख रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ। सवारी साधनको धनीको सहमति वा जानकारी बिना सवारी चालकले जानीजानी त्यस्तो मालवस्तु ढुवानी गरेको रहेछ भने त्यस्तो चालकलाई भन्सार अधिकृतले पचास हजार रूपैयाँ सम्म जरिवाना गर्न सक्नेछ।"

१६. उपर्यक्त बमोजिम कानूनी व्यवस्थाको आलोकमा यी प्रतिवादी मन्जु कुमारीको कसूर जन्य कार्यमा संलग्नता वा सहमति/जानकारी रहे नरहेको के रहेछ भनी हेर्दाः वारदातमा प्रयोग भएको भनिएको ज १ च १६६९ नं. को बोलेरो पिक अप आफ्ना नाउमा दर्ता भए पनि उक्त सवारी चालक प्रविण ठाकुरले चलाउने गरेको, वारदातको दिन निज चालक प्रविण ठाकुरले निजको घर बिन्धीसम्म खाना खान जान भनी गाडी लिएर गएकोमा अबेर सम्म नफर्केकोले फोन गरी सोध्दा गाडि समेत पक्राउ परेको बखर पाएको हो । मैले भाडामा गाडि लिएर जान भनेको थिईन, मलाई सोधेको पनि थिएन । मेरो सहमति थिएन, चालकले मलाई नसोधीकन मेरो गाडि प्रयोग

गरेको हो भन्ने समेत व्यहोरा खुलाई कसूरजन्य कार्यमा आफ्नो संलग्नता, सहमति वा जानकारी नरहेको भनी बयान गरेको देखिन्छ ।

१७. बरामद मालबस्तु साथै पक्राउ परेका प्रतिवादी सुरेन्द्र रायले बयान गर्दा बरामद भएको १७० कार्टुन स्याउ मेरो आफ्नै हो, गाडि कसको हो मलाई थाहा छैन, चालक प्रविण ठाकुर मार्फत भाडा तय गरी मालबस्तु लगेको, यी कुनै कार्यमा गाडि धनिको कुनै सहमति सहयोग र संलग्नता छैन भन्ने समेत व्यहोरा खुलाई सह–प्रतिवादी सवारी धनी मन्जु कुमारीलाई पोल गरेको पाइदैन।

१८. त्यसै गरी सवारी चालक प्रतिवादी प्रविण ठाकुरले बयान गर्दा सवारी आफूले चलाएकोमा सावित रहेपनि सवारी साधन धनी मन्जु कुमारीको सहयोग, सहमति वा जानकारी रहेको भन्ने केही खुलाएको पाइन्न । बरामद सवारी साधन प्रतिवादी मन्जु कुमारीका नाउँमा दर्ता रहेको देखिएको स्थितिमा बोलेरो पिकअप अर्जुन साहको हो, पिक अप पक्राउ परेको जानकारी अर्जुन साहलाई गराएको भन्ने समेत बेहोराबाट वारदात/कसूर/अभियोगमा कही नदेखिएका अर्जुन साहलाई जानकारी गराएको कारणले वास्तविक सवारी धनी प्रतिवादी मन्जु कुमारीको सहयोग वा सहमति पुष्टी हुन सक्ने देखिदैन ।

१९. यसरी प्रतिवादी सुरेन्द्र राय समेतले स्याउ चोरी पैठारी गर्न प्रयोग भएको सवारी साधन ज. १ च १६६९ को पिक अप जीप पुनरावेदक प्रतिवादी मन्जु कुमारीका नाउँमा दर्ता रहेको देखिए पनि उक्त चोरी पैठारी कार्यमा निजको सहमति रहेको वा निजको जानकारीमा उक्त सवारी साधन प्रयोग भएको भन्ने नदेखिएको अवस्थामा उक्त सवारी साधन जफत गर्ने र सवारी धनी मन्जु कुमारी समेतलाई जरिवाना गर्ने गरेको जनकपुर भन्सार कार्यालयको निर्णय सो हदसम्म मिलेको देखिएन ।

२०. तसर्थ पुनरावेदक प्रतिवादी मन्जु कुमारीका नाउँमा सवारी दर्ता रहेको ज १ च १६६९ को सवारी साधन जफत गरी निजलाई विगो बमोजिम रु. १४११०० र सवारी धनीलाई हुने रु. १०००००।- समेत जम्मा रु. २४११००।- जरिवाना हुने गरी भएको शुरु जनकपुर भन्सार कार्यालयको मिति २०७६।५।२५ को निर्णय सो हदसम्म मिलेको नदेखिंदा केही उल्टी भई पुनरावेदक प्रतिवादी मन्जु कुमारीले आरोपित कसूरबाट सफाइ पाउने ठहर्छ । अरुमा तपसिल बमोजिम गर्नु ।

## तपसील खण्ड

माथि ठहर खण्डमा उल्लेख भए बमोजिम प्रतिवादी मंजु कुमारीलाई निजको नाममा दर्ता रहेको ज १ च १६६९ नं. को सवारी साधन जफत गरी निजलाई बिगो बमोजिम रु.१,४१,१००/- र सवारी धनिलाई हुने रु.१,००,०००/- समेत जम्मा रु.२,४१,१००/- जरिवाना हुने ठहर

भएको शुरु जनकपुर भन्सार कार्यालयबाट मिति २०७६/०५/२५ मा भएको निर्णय सो हदसम्म मिलेको नदेखिई केहि उल्टी भई सफाई पाउने ठहर भएकाले शुरु जनकपुर भन्सार कार्यालयबाट भएको कैद र जरिवानाको लगत कट्टा गर्नु भनि लेखि पठाउनु.......................१

प्रतिवादी मंजु कुमारीलाई माथी लेखिए बमोजिम सफाई पाउने ठहर फैसला भएकाले निजले शुरु जनकपुर भन्सार कार्यालयमा राखेको सवारी साधन वापतको धरौट रकम रु.६७८,०००/- र मिति २०७६/०१/१२ को आदेशानुसार अग्रिम कार्वाहीको लागि राखेको धरौट रकम रु.२,५९,३५०/- फिर्ता माग आए नियमानुसार फिर्ता दिनु भनी फैसलाको प्रतिलिपी साथै राखी शुरु सक्कल मिसिल श्री जनकपुर भन्सार कार्यालयमा फिर्ता पठाईदिनू.................................२

प्रस्तुत फैसलाको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनू............ ३
नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनू......................................४
फैसलाको विधुतिय प्रति अपलोड गरी प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी सुरु तथा रेकर्ड मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू................................................५

विनोद शर्मा
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ ।

राजेन्द्र पौडेल
(राजस्व सदस्य)

फैसला तयारीमा सहयोग गर्नेः- प्रमोद रिजाल (शाखा अधिकृत)
टिपोटमा सहयोग गर्नेः- डिठ्ठा सुनिता थापा
इति सम्वत् २०७७ साल पौष महिना २० गते रोज २ शुभम् ..............